१०३ औं ११.

आज मिति २०७७ साल असोज ७ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, सदस्य सचिव

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान ब० ढाडा, लेखा अधिकृत
श्री खिता खत्री, प्र०अ०
श्री कुल ब० खड्का, ना.प्र.
श्री रेविका परियार

**प्रस्ताव नं. १ : IEE गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकामा ढुंगा गिट्टी, बालुवा, मिस्कटलगायतका नदीजन्य पदार्थको संकलन तथा निकासी गर्ने कार्यका लागि तपसिल बमोजिमका खोलाहरुको वातावरणीय प्रभाव मूल्यांकन IEE गर्ने यस आर्थिक बर्षको लागि नदीजन्य पदार्थ उत्खनन गर्ने समय अवधि भएको हुँदा छोटो प्रक्रियाबाट कार्य अघि बढाउने र सो को अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) छिन्चु खोला, काठेघारी खोला, डुंगी खोला, कालपानी मोहटी खोला, मुरली खोला, बबई नदी, भेरी नदी, भिंनी खोला

**प्रस्ताव नं. २ : अमानतमा ढुंगा, गिट्टी खुलाउने सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको ढुंगा, गिट्टीजस्ता नदीजन्य पदार्थहरुको ठेक्का प्रक्रिया सुरु नहुने बेलासम्मका लागि कार्यालयले आवश्यक कर्मचारी व्यवस्थापन गरी स्थानीय दररेट बमोजिम अमानतमा उठाउन दिने निर्णय गरियो ।

<u>तपसिल</u>

वडा नं. २ सत्तरी
वडा नं. १२ भिंनेनारा

**प्रस्ताव नं. ३ : सूचिकृत तथा घर बहाल कर नगरमा उठाउने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकामा व्यवसाय, सहकारी, अटो रिक्साहरु नगरपालिकामा सुचीकृत गर्ने र घर बहाल कर नगरमा उठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : सामुदायिक वनको रकम उठाउने सम्बन्धमा ।**

निर्णय नं. ४ : स्थानीय सरकार संचालन ऐन बमोजिम यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुले आफ्नो कूल आम्दानीको १० प्रतिशत स्थानीय सरकारलाई बभ्काउनुपर्ने रकम अनिवार्य रुपमा उठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : रकम छुट गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकामा आ.व. २०७७०७८ सालको समयमै (पौष मसान्तभित्र) कर बुझाउने करदातालाई १५ प्रतिशत रकम छुट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : कृषि र पशुको सेवा विस्तार सम्बन्धमा ।**

निर्णय नं. ६ : यस नगरपालिकाको प्रशासनिक केन्द्र नजिकबाट संचालनमा रहेका कृषि र पशुसेवाको सेवालाई तपसिल बमोजिमका स्थानबाट समेत सेवा संचालन गर्ने निर्णय गरियो ।

१.रामघाट सेवा केन्द्र भेरीगंगा ११
२.मैनतडा वडा नं. ८
३. लेखपराजुल २ सत्तरी

**प्रस्ताव नं. ७ : बसपार्कको भवनको विश्लेषण गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ : यस नगरपालिकाको भेरीगंगा १२ मा निर्माण हुन लागेको बसपार्कको माटो परिक्षण, structure anysysis गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने सम्बन्धमा ।**

निर्णय नं. ८ : यस नगरपालिकाबाट कोरोना नियन्त्रणका लागि सो समयमा भुक्तानी दिन बाँकी रहेको रकम यथासक्य भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : पूर्वाधार विकास निर्देशनालयलाई विवरण पठाउने सम्बन्धमा ।**

निर्णय नं. ९ : यस नगरपालिकालाई कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत प्राप्त योजनाहरुमा आ.व. २०७६/०७७ मा काम सम्पन्न भएका योजना र काम सम्पन्न हुन नसकेका योजनाहरुको काम सम्पन्न गर्न लाग्ने थप रकम माग गर्ने भनी पूर्वाधार विकास निर्देशनालयलाई पठाउनुपर्ने तपसिल बमोजिमको विवरण पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | योजना सम्पन्न गर्ने आवश्यक पर्ने रकम |
|---|---|---|
| १ | चन्द्रोदय आ.वि.पक्की भवन निर्माण वडा नं. ११ | ४००००००। |
| २ | शिखर मावि पक्की भवन निर्माण वडा नं. ११ | १५०००००। |
| ३ | डिप बोरिङ खानेपानी आयोजना वडा नं. ६,७,८,९ | ५००००००। |

**प्रस्ताव नं. १० : औद्योगिक ग्राम सम्बन्धमा ।**

निर्णय नं. १० : यस नगरपालिकाको वडा नं. ११ मा स्थापना गर्ने भनिएको औद्योगिक ग्रामको लागि IEE, DPR गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : कृषि उपज हाट बजारको DPR गर्ने सम्बन्धमा ।**

निर्णय नं. ११ : यस नगरपालिकाको वडा नं. १० मा निर्माण तथा संचालन गर्ने कृषि हाट बजारको DPR गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : टोल विकास संस्थानविकरण गर्ने सम्बन्धमा ।**

निर्णय नं. १२ : यस नगरपालिकामा रहेका टोल विकास संस्थाहरुको नविकरण प्रक्रियालाई निरन्तरता दिने बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : अनुमोदन सम्बन्धमा ।**

निर्णय नं. १३ : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको र यस नगरपालिका र शिक्षा समितिको मिति २०७७।५।३० गतेको निर्णय अनुसार न.पा. अन्तर्गतका विद्यालयहरुमा उक्त निर्देशिका कार्यान्वयन गर्न दिईएको निर्देशनलाई कार्यान्वयनका लागि अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : अतिक्रमण हटाउने सम्बन्धमा ।**

निर्णय नं. १४ : यस नगरपालिकाका सबै क्षेत्रहरुको स्थानहरुमा तत्काल पैतिस (३५) दिनको सूचना प्रकाशन गरी हटाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. १५ : १५ शैयाको अस्पताल निर्माण सम्बन्धमा ।**

भेरीगंगा नगरपालिकामा १५ शैयाको अस्पताल अति आवश्यक भएको हुँदा र उक्त भवन यस न.पा.का वडा नं.१२ स्थित प्रशासनिक केन्द्र आसपासमा रहेको स्वास्थ्य चौकी छिन्चुको भवन रहेको आडको जग्गामा (राष्ट्रिय वन क्षेत्र) बनाउन नगरपालिकाको प्राथमिकता प्राप्त आयोजना निर्माण प्रयोजनको लागि "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनको लागि राष्ट्रिय वन क्षेत्रमा प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि २०७६" अनुसार उक्त आयोजना स्थलको DPR र IEE गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : इजाजत प्रदान गर्ने सम्बन्धमा ।**

यस नगरपालिकाको घ वर्गको इजाजत पत्र जारी, नविकरण, संसोधन, नामसारी र खारेजी गर्नका लागि बनेको कार्यविधि २०७५ को दफा २ मा भएको व्यवस्था बमोजिम तुफान सेवाको सम्पूर्ण कागजात पूरा भएको भनी २०७७/६/६ गतेको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको समितिले प्रमाणपत्र जारी गर्नका लागि सिफारिस गरेकाले न्यू तुफान निर्माण सेवालाई इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : प्राविधिक जनशक्ति भर्ना सम्बन्धमा ।**

यस नगरपालिका र अन्र्तगतका वडा कार्यालयहरुको दैनिक कार्य संचालन गर्नको लागि स्वीकृत दरबन्दीमा रिक्त रहेका र आवश्यक पर्ने अन्य पदहरु स्थायी प्रक्रियाबाट पदपूर्ति नहुँदासम्मको लागि कर्मचारी भर्ना छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ : वडा कार्यालयमा शौचालय निर्माण सम्बन्धमा ।**

आ.व. २०७६।०७७ देखि निर्माण भएका वडा कार्यालय भवनहरुमा सेवाग्राहीको लागि शौचालय भवन निर्माण गर्न अति आवश्यक देखिएको हुँदा निर्माण गर्न लाग्ने रकमको यकिन गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ : योजनाको म्याद थप सम्बन्धमा ।**

ई.प्र.का देखि छिन्चुखोला सम्म सडक कालोपत्रे गर्ने कार्यको लागि मिति २०७६।१०।२७ गते यस नगरकार्यपालिकाको कार्यालय र सावित्री शिव निर्माण सेवा भेरीगंगा १२ सुर्खेत बीच भएको सम्झौताको म्याद मिति २०७७ असार २८ गतेको कार्यपालिकाको बैठकबाट २०७७ भाद्र मसान्त सम्म थप भएकोमा यस कार्यालयबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य ढिला भएको कारण तथा वर्षातको समयमा सडक कालोपत्रे गर्न नसकीने भन्ने जानकारी उक्त निर्माण सेवा आएको हुँदा अन्तिम पटकको लागि २०७७ मंसीर मसान्त भित्र कार्य सम्पन्न गर्ने गरि उक्त योजनाको म्याद थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner